नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २२३ २०८२ साल चैत २६ गते बिहीबार (9 Apr 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारका कामको प्रशंसादेखि ... ३ पृष्ठमा : 'अब आश्वासन होइन, ... ३ पृष्ठमा : अमेरिका-इरान अन्तिम ...

# सम्पत्तिसम्बन्धी विषयमा देउवाले भने "भ्रामक र झुटा"



**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र उनकी श्रीमती तथा पूर्वपरराष्ट्र मन्त्री आरजु राणा बिरुद्ध सरकारले सम्पत्ति शुद्धीकरण प्रक्रिया सुरु गरेपछि देउवाले सामाजिक सञ्जालमार्फत आफ्नो परिवारविरुद्ध सरकारले अघि बढाएको सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा बोलेका छन् ।

सम्पत्तिसम्बन्धी विषयमा प्रचारबाजीलाई उनले 'भ्रामक र झुटा भनेका छन् । देउवाले बुधबार साँझ फेसबुकमा नेपालको कानुनअनुसार सार्वजनिक पदमा रहँदा आफ्नो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको उल्लेख गरेका छन् ।

'म र मेरो परिवारका बारेमा सम्पत्ति सम्बन्धि विषयमा भ्रामक र झुटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु,' उनले लेखेका छन् ।

देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायपालिका, पारदर्शीतासँगै राज्यका अंगहरु स्वतन्त्र र सक्षम हुनुपर्दछ भन्ने मान्यताका लागि आफूले सिंगो जीवन संघर्षमै व्यथित गरेको देउवाले बताएका छन् । आफ्नो जीवन एउटा खुला पुस्तकका रुपमा रहेको उनको भनाइ छ ।

बरु भ्रष्टाचारमुक्त समाज निर्माण र सुशासन कायम गर्न २०४८ सालमा गृहमन्त्री हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन २०५९ लागु गर्न आफूले अग्रसरता लिएको उनले पोस्टमार्फत स्मरण गराए ।

हाल आफू स्वास्थ्य उपचारका निम्ति विदेशमा रहेको र अझै उपचार क्रम जारी रहेको जानकारी गराउँदै देउवाले वास्तविकता समयक्रमसँगै खुल्दै जाने लेखेका छन् । अतिरञ्जना गरी सार्वजनिक भएका विवरणहरूबाट भ्रममा नपर्न उनको अपिल छ ।

## लेनदेन विगो र बैंकिङ कसूर मुद्दाका फरार दुई प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

फैसला कार्यान्वयनको क्रममा अदालतबाट विभिन्न मुद्दामा सजाय सुनाइएपछि फरार रहेका दुई जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजगढ गाउँपालिका वडा नं. १ का ओमप्रकाश यादव र राजविराज नगरपालिका वडा नं. १ का नागेन्द्र प्रसाद साह रहेका छन् ।

यादवलाई लेनदेन विगो मुद्दामा अदालतले २ लाख रुपैयाँ जरिवाना तोकेको थियो । जरिवाना तिर्न नसकेमा ६ महिना कैद सजाय भोग्नुपर्ने फैसला रहेको प्रहरीले जनाएको छ ।

यस्तै साहलाई बैंकिङ्ग कसूर मुद्दामा ८ लाख ७५ हजार रुपैयाँ जरिवाना तथा पाँच दिन कैद सजाय तोकेएको थियो ।

प्रहरीले दुवै जनालाई पक्राउ गरी मंगलबार सप्तरी जिल्ला अदालतमा दाखिला गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

## पूर्वअध्यक्षहरुले गरे सरकारी कदमको निन्दा

**दैनिक समाचारदाता**
**राजविराज, २५ चैत ।**

सरकारी विज्ञापन सरकारी मिडियामै दिने सरकारी परिपत्रविरुद्ध नेपाल पत्रकार महासंघ सप्तरीका पूर्वअध्यक्षहरुले बर्तमान सरकार निरंकुश शैलीमा काम गर्न शुरु गरेको भन्दै सरकारी कदमको निन्दा गरेका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा बुधबार आयोजना भएको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व अध्यक्षहरुले यस्तो बताएका हुन् ।

"यो हतासको निर्णय हो, यसलाई फिर्ता लिनुपर्छ" पूर्व अध्यक्षहरुले भने, "यस्तो परिपत्रले नीजि संचार माध्यम धरासायी हुने र धेरै पत्रकार बेरोजगार बन्ने अवस्था आउन सक्छ ।"



पूर्वअध्यक्ष बिष्णु मण्डलले सरकारको यस कदमले युवा पीढीको भविष्य अन्धकार बन्ने भन्दै पत्रकारको रोजगारी अन्त्य गर्ने नीति बन्द गर्न आग्रह गरे ।

पूर्वअध्यक्ष बैद्यनाथ झाले प्रजातन्त्रको लागि ज्यानको आहुती दिने पत्रकार र संचार माध्यमलाई जोगाउनु राज्यको कर्तव्य भएको भन्दै यसमा पुर्नविचार नगरिए आन्दोलनमा उत्रिनुपर्ने धारणा राखे ।

पूर्वअध्यक्ष मुरली प्रसाद यादवले नीजि मिडियालाई सरकारी विज्ञापन नदिनु प्रेस स्वतन्त्रता बिरोधी कदम भएको बताए ।

पूर्वअध्यक्ष धिरेन्द्र प्रसाद साहले विज्ञापनमा देखिएका बेथिति अन्त्य गरी सरकारले विज्ञापनलाई व्यवस्थित बनाउनुपर्ने बताए ।

## साबिककै मूल्यमा २८ दिनको 'एनटिसी प्याकेज' अब ३० दिन

काठमाडौं, २५ चैत (रासस) ।

नेपाल टेलिकम (एनटिसी)ले आफ्नो प्रिपेड सेवाको २८ दिनको प्याकेजको समय बढाएर ३० दिन बनाएको छ ।

टेलिकमका अनुसार 'कम्बो-२९९ प्याक'को समयावधि मङ्गलबार रातिदेखि बढाएर ३० दिनको बनाइएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले मङ्गलबार नेपाल टेलिकमसँग छलफल गर्नु भएपश्चात यो व्यवस्था लागु गरिएको हो ।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक रीना डङ्गोलले आगामी वैशाख ११ सम्ममा यस्ता सबै प्याकेजलाई ३० दिन बनाउने जानकारी दिनुभयो । त्यसैगरी टेलिकम प्रयोगकर्ताको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने अवस्था अन्त्य भएको छ भने सबै सेवा अनलाइन गर्ने र 'वान टाइम केवाइसी' लागू गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अब प्रयोगकर्ताले लिएको डेटा प्याकेज ९० प्रतिशत खपत भएपछि सूचना प्राप्त गर्नेछन् । यससँगै 'पे-एज-यू-गो' विकल्प उपलब्ध हुनेछ । जसले ग्राहकलाई डेटा सकिएपछि स्वतः शुल्क कट्ने वा नयाँ प्याकेज खरिद गर्नेबारे विकल्पसहितको छनोटको सुविधा दिनेछ ।

मन्त्रालयले अघि सारेको नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गतको १० बुँदे सुधारात्मक कार्ययोजनामा पनि यो विषय समावेश गरिएको छ ।

कार्ययोजनाअनुसार नेपाल टेलिकमको सेवा गुणस्तर सुधार, ग्राहक सेवा सुदृढीकरण र डिजिटल सेवा विस्तारलाई उच्च प्राथमिकतामा राखिएको छ । सोहीअनुसार नेपाल टेलिकमले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ग्राहक केन्द्रित सुधारका कदम अघि बढाएको जनाएको छ । विशेषगरी मोबाइल डाटा व्यवस्थापन, डिजिटल प्लेटफर्म विस्तार र प्रशासनिक प्रक्रियालाई सरल बनाउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया सुरु गरिएको हो ।

## उपसभामुख पदको निर्वाचन शुक्रबार

काठमाडौं, २५ चैत (रासस) ।

सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ८ बमोजिम प्रतिनिधिसभाका उपसभामुख पदको निर्वाचनको लागि शुक्रबार तोक्नुभएको छ । बुधबार बसको प्रतिनिधिसभाको बैठकमा अर्यालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त

*बाँकी दुई पृष्ठमा*

**Vacancy Announcement**

Nepal APF Thakodevi Jogendra Bhagat School, Saptari, a residential school and a leading education institution operating under APF Nepal with non-profit motive invites qualified, competent and self-motivated individuals to apply for the following teacher vacant positions at our school on contract basis:

| S.N. | Position | No. | Minimum Qualification |
|---|---|---|---|
| 1 | Secondary Level Science Teacher | 1 | Master's Degree Preferred |
| 2 | Secondary Level Mathematics Teacher | 1 | Master's Degree Preferred |
| 3 | Secondary Level English Teacher | 1 | Master's Degree Preferred |
| 4 | Basic Level English /Health Teacher | 2 | Bachelor's Degree in English |
| 5 | Basic Level Nepali/Social Studies Teacher | 1 | Bachelor's Degree in Nepali |
| 6 | Basic Level Computer Teacher | 1 | Bachelor's Degree in Computer Science |

**Other requirements:**

- Preference will be given to the candidates having experience in teaching, sound knowledge of ICT & modern teaching methods and a teaching license.
- Fluency in English for classroom instruction and communication is mandatory.

Interested candidates below 45 years of age are requested to submit: A cover letter, Updated CV and copies of academic certificates along with other relevant documents.

Applications must be submitted to the School Administration Office or via email at **nepalapfschoolsaptari@gmail.com** no later than **18 April 2026**.

**Shortlisted candidates will undergo:**

- Classroom Observation and
- Interview

***[The school offers government scale salary with school allowances and other facilities as per the rules of the school]***

**Nepal APF Thakodevi Jogendra Bhagat School**
Sambhunath-11, Saptari
Ph-9851272773

## सम्पादकीय ....

### पारदर्शी र सूचनाको लागि पनि सांकेतिक बोर्ड लगाऔं

कुनै पनि स्थानमा हुने गरेको विकासीय कार्य का लागि सांकेतिक बोर्ड लगाउने बानी अझै बसेको छैन् । हाल सप्तरी जिल्लाको विभिन्न स्थानमा भइरहेको सडक, नाला तथा ढल निर्माणका कार्यहरुको विषयमा निर्माण कम्पनीले सांकेतिक बोर्ड लगाउन सकेको छैन् । ती सांकेतिक बोर्ड लगाउनुको उद्देश्य सावधानी अपनाएर यातायातका साधन, पैदल वा साइकल यात्रीले गति न्युन गरेर गन्तब्यतर्फ जानु हो । त्यस बाहेक कामका बारेमा बिस्तृत जानकारी दिनु पनि हो ।

जिल्लाका विभिन्न स्थानहरुमा भइरहेका सडक मर्मत तथा निर्माणका कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ । विभिन्न निर्माण कार्य भइरहेको सम्बन्धमा निर्माण कम्पनीले सांकेतिक रुपमा निर्माण सम्बन्धी होर्डिङ बोर्ड नलगाउँदा दुर्घटनाको सम्भावना समेत बढ्न सक्ने अवस्था हुन्छ । राती घर पुग्दा बाटो राम्रो तर बिहान उठेर पुनः सोही बाटो हुँदै जाने क्रममा बाटो खनेको हुनाले अनाहकमा दुर्घटनामा पर्ने जोखिम समेत बढ्न सक्छ ।

तसर्थ कामको पारदर्शि र जानकारी दिने उद्देश्यले सांकेतिक बोर्ड लगाउन आवश्यक छ । त्यसबाहके कुनै पनि दुर्घटना निम्त्याउनु भन्दा पहिले दुर्घटना हुनै नदिन लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु उत्तिकै जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारका कामको प्रशंसादेखि खबरदारीसम्म

**नारायण न्यौपाने**

काठमाडौँ, २५ चैत (रासस) ।

सङ्घीय संसद् राष्ट्रियसभा अन्तर्गतका चारवटै विषयगत समितिले आ-आफ्नो नेतृत्व पाएको छ । उक्त सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिमा मङ्गलबार चारवटै संसदीय समितिका सभापति निर्विरोध हुनुभएको थियो ।

निर्विरोध निर्वाचित हुनेमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरी, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राई, विकास, आर्थिक मालिमा तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया हुनुहुन्छ ।

सङ्घीय संसद् सचिवालयमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उहाँहरूलाई शपथ गराउनुभयो । शपथलगत्तै उहाँहरूले आ-आफ्नो समितिमा पुगेर पदबहाली गर्नुभयो । पदबहाली गर्ने क्रममा समिति कार्य क्षेत्रभित्र रही देश र जनताकाहितका लागि कानून निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेर काम गर्ने उहाँहरूले प्रतिबद्धता जनाउनुभयो ।

समाजका विभिन्न क्षेत्र र समुदायबाट प्रतिनिधित्व रहने ५९ सदस्यीय उक्त सभामा हाल पुरुष ३५ र महिला २२ जना सदस्य रहनुभएको छ । राष्ट्रियसभामा हाल नेपाली कांग्रेसका २४, नेपाली कम्युनिष्ट पार्टीका १७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का १०, जनता समाजवादी पार्टी नेपालका दुई, मनोनित दुई, राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीका एक/एक सदस्य हुनुहुन्छ ।

समाजका विभिन्न क्षेत्रका विज्ञ, अनुभवी र परिपक्व व्यक्तिहरूको सहभागिता रहने यस सभालाई संविधानले राष्ट्रियसभालाई स्थायी व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । सीमान्तकृत, लोपन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रको सुदृढीकरणका लागि यो सभाले विशिष्ट योगदान दिँदै आएको छ ।

यसैबीच, राष्ट्रियसभाको बुधबारको बैठकमा भाग लिने सदस्यहरूले राष्ट्रिय हितका लागि दलबीच मेलमिलाप, सहमति र सहकार्यको आवश्यकता औँल्याउनुभयो । बैठकको विशेष समयमा सदस्यहरूले सबै राजनीतिक दल र नेताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

सदस्यहरूले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णय सच्याउन, जेनजी आन्दोलनको घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन, एसियामा भएको द्वन्द्वले मुलुकमा महँगी बढेको र जनजीवन प्रभावित भएकाले त्यसतर्फ ध्यान पुर्याउन, भ्रष्टचार नियन्त्रण, बढ्दो आयात र महँगी नियन्त्रण गर्न माग गर्नुभयो ।

उहाँहरूले रुग्ण तथा बन्द उद्योगको सञ्चालन, सन्तुलित पराष्ट्र नीति, सामाजिक न्याय कायम, जनताको हितअनुसार संविधान संशोधनका लागि आवश्यक पहल सरकारलाई सुझाव दिनुभयो ।

राष्ट्रियसभामा प्रतिपक्षी दलहरूको मात्रै उपस्थित भए पनि मन्त्रिमण्डलको समावेशी चरित्र, सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीलगायत वर्तमान सरकारका कतिपय सुरुआती प्रयासबारे प्रशंसा भएको थियो । उहाँहरूले जनतासामु गरिएको प्रतिबद्धता अनुरूप लोकतन्त्र र सुशासन प्रवर्द्धनको अभियानलाई ठिक ढङ्ग नबढाएमा आफूहरूले त्यसको खबरदारी गर्ने बताउनुभयो ।

विशेष समयमा नेपाली कांग्रेसका सुनिलबहादुर थापा, नारायणदत्त भट्ट, विष्णुकुमारी सापकोटा र खम्बहादुर खाती, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का जयन्तीदेवी राई, सुरेश आले मगर, भुवनबहादुर सुनार, नेकपा (एमाले)का सांसद सम्झना देवकोटा, मीनासिंह रखाल र रोश्नी मेचे, जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिद, राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले वक्ताका रूपमा भाग लिनुभयो ।

यसअघि बैठकको शून्य समयमा भाग लिने सदस्यहरूले मध्यपूर्व एशियाको द्वन्द्वकाकारण पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकीमा परेका मूल्यवृद्धिको चपेटा र प्रभावबारे सदनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै खाद्यान्नमा आत्मनिर्भर र कृषि क्षेत्रमा लगानी अभिवृद्धिका लागि सुझाव दिनुभयो । उहाँहरूले भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, बलात्कार र हिंसाका घटनामा दोषी देखिएमाथि कडा कारबाही गर्न तथा पीडितलाई तत्काल न्याय दिन सरकारसँग माग गर्नुभयो ।

बैठकमा भाग लिने सदस्यहरूले खेतीबालीका लागि समयमै मल, बीउ र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न र कृषि बालीमा हानी पुर्याउने वन्यजन्तुको व्यवस्थापन गर्न, कर्णालीका विषय अब बजेट र भाषणमा होइन योजना कार्यान्वयन ल्याउन तथा संविधानको प्रभावकारी कार्यान्वयन गरी विशेष कार्यक्रम घोषणा गर्न माग गर्नुभयो ।

वर्डफ्लुका कारण कुखुरापालक किसान मर्कामा परेको जनाउँदै सांसदहरूले किसानलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन सरकारसँग आग्रह गर्नुभयो । शून्य समयमा सदस्यहरू धर्मेन्द्र पासवान, गीता देवकोटा, मिनासिंह रखाल, रेखाकुमारी झा, ललितजङ्ग शाही, सोमनाथ पोर्तेलले भाग लिनुभयो ।

सभाको कार्यसूचीअनुसार प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

अध्यक्ष दाहालको अध्यक्षतामा करिब एक घण्टा ४५ मिनेट सञ्चालन भएको राष्ट्रियसभा बैठकमा सरकारका प्रतिनिधिकारूपमा मन्त्री रावल र महिला, बालिबालिका तथा जेष्ठ नागरिकमन्त्री सीता बादी उपस्थित हुनुहुन्थ्यो । करिब एक घण्टा नवनिर्वाचित उपाध्यक्ष लीलाकुमारी भण्डारीले बैठक सञ्चालन गर्नुभएको थियो ।

त्यसअघि बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादामा हेरफेरसम्बन्धी पत्र वाचन गरेर सुनाउनुभयो । राष्ट्रियसभाको अर्को बैठक यही चैत २७ गते शुक्रबार अपराह्न ४:१५ बस्नेछ ।

# एक वर्षमा सात हजार पाँच सय विपद्का घटना

काठमाडौँ, २५ चैत (रासस) ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षको अवधिमा देशभर सात हजार पाँच सय ४७ विपदका घटना भएका छन् । विपदका कारण १३ हजार पाँच सय चार परिवार प्रतक्ष्य रुमपा प्रभावित भएका छन् ।

बाढी पहिरो, भारी वर्षा, चट्याङ, वन डढेलो, हावाहुरी, हिउँ पहिरो जस्ता विपद र विपदजन्य घटनाका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । सामान्य सावधानी अपनाउँदा समेत रोक्न सकिने आगलागीको घटना सबैभन्दा धेरै रहेको प्राधिकरणको विवरणमा उल्लेख छ ।

झण्डै एक वर्षको अवधिमा तीन हजार छ सय ५२ वटा आगलागीका घटना भएका छन् । आगलागीमा परेर मात्रै एक सय चार जनाको अकालमा ज्यान गएको छ । पाँच सय ६३ जना घाइते हुँदा चार हजार एक सय ८२ परिवार प्रत्यक्ष रुपमा पीडित भएका छन् ।

बाढीका कारण मात्रै तीन सय २८ घटनामा ३९ जनाको निधन भएको छ । बाढीमा परेर २७ जना बेपत्ता हुँदा १४ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार, ६ सय २१ पहिरोका घटनामा परेर ७६ जनाको ज्यान गएको छ । यस्तै, भारी वर्षाको चार सय ४६ घटनामा परेर सात जनाको ज्यान गयो भने २० जना घाइते भए ।

त्यस्तै, चार सय १९ चट्याङका कारण ४८ जनाको ज्यान गयो । कूल तीन सय १२ जना घाइते हुँदा पाँच सय २२ परिवार प्रत्यक्ष रुपमा प्रभावित भए । हावाहुरीका चार सय ७७, वन डढेलाका तीन सय २४, जनावर आक्रमणका पाँच सय नौ तथा लेक लाग्नुका एक सय ३१ घटना भएका छन् ।

प्राधिकरणका अनुसार यो विवरण गत वैशाख १ गतेदेखि यही चैत २४ गते सम्मको हो । एक वर्षको अवधिमा विपदमा मात्रै चार सय ९० जनाको ज्यान जाँदा ३८ जना बेपत्ता भएका छन् । विपदका कारण एक हजार नौ सय ६५ जना घाइते भएका छन् ।

# ‘संविधानले नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेको छ’

काठमाडौँ, २५ चैत (रासस) ।

नेपाल ट्रेड युनियन कांग्रेसले नेपालको संविधानमा नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेकाले यो अधिकार खोस्न नहुनेमा जोड दिएको छ ।

युनियनले मंगलबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा संविधानको धारा ३४ (३) ले श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकको ‘ग्यारेन्टी’ गरेकाले ट्रेड युनियन खारेज गर्न नहुने स्पष्ट पारेको हो ।

युनियनका अध्यक्ष योगेन्द्रकुमार कुँवरले शासकीय सुधारका दृष्टिले सरकारले ल्याएका कार्यक्रम राम्रा भए पनि बुँदा नं १२ मा ट्रेड युनियन खारेज गर्ने निर्णय श्रमिकलाई मान्य नहुने बताउनुभयो । “हामीले दलीय ट्रेड युनियन हुनुपर्छ भनेका छैनौँ, तर ट्रेड युनियन खारेज गर्नुपर्छ भन्ने निर्णयमा हाम्रो आपत्ति हो”, उहाँले भन्नुभयो, “त्यसैले हाम्रो सङ्गठन स्वतन्त्र तथा पेसागत ट्रेड युनियन आन्दोलनको पक्षमा सधैँ दृढ छ ।”

युनियनका महासचिव अजयकुमार राईले सरकारले ट्रेड युनियन खारेजसम्बन्धी गरेको निर्णय नेपालको संविधान र अनुमोदित अन्तरराष्ट्रिय महासन्धिसँग पनि मेल नखाने बताउनुभयो । सरकारको उक्त घोषणाले अन्तरराष्ट्रिय ट्रेड युनियनले पनि चासो राखेको र नेपालको ट्रेड युनियन आन्दोलनप्रति ऐक्यबद्धता जनाएको पनि उहाँले उल्लेख गर्नुभयो ।

## उपसभामुख ...

...

मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेरसम्बन्धी पत्र पढेर सुनाउनुभयो ।

प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कृषि तथा पशुपंक्षी र वन तथा वातावरणमन्त्री गीता चौधरीले ‘राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदन, २०८२’ पेस गर्नुभएको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । “वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ प्रस्ताव गर्नुभयो ।

प्रतिनिधिसभाको अर्को बैठक शुक्रबार दिउँसो ४ बजे बस्ने गरी बुधबारको बैठक स्थगित भएको छ ।

# 'अब आश्वासन होइन, डेलिभरी चाहिन्छ'

काठमाडौँ, २५ चैत (रासस)।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले विशेष अवस्थामा भएको निर्वाचनबाट विजयी भएको दल र सरकारले जनतालाई सुशासन दिनुपर्नेमा दिनुभएको छ।

सभाको बुधबारको विशेष समयमा दलीय आधारमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका लीमा अधिकारीले नयाँ सरकारले चालेका सुधारात्मक कामको प्रशंसा गर्दै समग्र आर्थिक विकासको नयाँ आयाम दिन सरकार सफल हुनुपर्ने बताउनुभयो। उहाँले अब जनतालाई आश्वासन र भागभण्डा होइन डेलिभरी चाहिने भएकाले त्यसअनुसार सबैले काम गर्नुपर्नेमा जोड दिनुभयो।

सोही पार्टीका जगदीश खरेल (ललितपुर) ले सुशीला कार्की नेतृत्वको सरकार र जेनजी समूहबीच भएको सम्झौताको अक्षरशः पालना हुनुपर्ने बताउनुभयो। रास्वपाकै समीक्षा बास्कोटाले उच्च सम्भावना भएको कर्णाली प्रदेशलाई उपेक्षामा नराख्न आग्रह गर्नुभयो।

नेपाली कांग्रेसका जनकराज गिरीले जमुनादेखि हिल्सासम्म हुँदै मानसरोवरसम्मको त्रिदेशीय मार्गलाई स्तरोन्नती गर्न सके बाजुराको पर्यटन, रोजगारी र स्थानीय उत्पादन वृद्धि हुने बताउनुभयो। उहाँले सेती लोकमार्ग निर्माण अलपत्र परेकाले शीघ्र निर्माणमा जोड दिनुभयो। कांग्रेसकै सन्दीप रानाले खेतीयोग्य जमिनमा सिँचाइको अभाव हुने समस्यालाई समाधान गर्न आग्रह गर्नुभयो।

नेकपा (एमाले) का यज्ञबहादुर बोगटीले राज्यले अछामलाई पिछडिएको क्षेत्र घोषणा गरे पनि त्यहाँका जनता शिक्षा, स्वास्थ्य र रोजगारीलगायत समस्या खेपिरहेको बताउनुभयो। उहाँले विदेशमा गएर रोजगारी गर्न बाध्य नागरिकलाई फर्काएर स्वदेशमै रोजगारी दिन र पहाडी जिल्लाका सडकहरूको स्तरोन्नति र निर्माण ध्यान दिन आग्रह गर्नुभयो।

एमालेका साजिदा खातुन सिद्धिकीले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन पूर्वाग्रही भएको र एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकलाई विधि विपरीत हिरासतमा लिइएको आरोप लगाउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का महेन्द्रबहादुर शाहीले देशको अर्थतन्त्रमा बिचौलिया र नवउदारवाद हावी भएको र वैदेशिक ऋणमा निर्भरता कायम रहेकाले आत्मनिर्भर अर्थतन्त्र विकासको जोड दिनुभयो। उहाँले सबै भ्रष्टाचार प्रकरणको छानबिन गरी दोषीलाई कारवाही गर्न आग्रह गर्नुभयो।

श्रम संस्कृति पार्टीका रुबी कुमारीले मधेस प्रदेशमा 'दहेज', युवाहरूको बेरोजगारीको समस्याको समाधान र किसानका लागि सिँचाइ, मल र उचित सुविधा दिन आग्रह गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका भरत गिरीले जयनगर-जनकपुर-बर्दिबास रेलमार्ग निर्माणका लागि भारतसँग भएको सम्झौताबमोजिम स्थानीय सरकारको करको बाधा हटाएर छिटो कार्य प्रारम्भ गर्नुपर्ने माग गर्नुभयो। उहाँले प्रदेशस्तरीय मेडिकल कलेज निर्माणको बजेट फ्रिज भएको र काठमाडौँ तराई द्रुतमार्ग छिटो निर्माण गर्न आग्रह गर्नुभयो।

स्वतन्त्र सांसद महावीर पुनले म्याग्दीलाई हिमाली जिल्ला घोषणा गरिए पनि पाउनुपर्ने सहुलित प्राप्त नभएकोमा ध्यानाकर्षण गराउनुभयो। उहाँले राणाकालदेखि मुलुकमा भाइरसका रूपमा रहेको नातावाद, कृपावाद र चाप्लुसीवादबाट मुक्त हुन सक्नुपर्ने बताउनुभयो।

# कानुन विपरित लिइएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न शिक्षा मन्त्रालयको निर्देशन

काठमाडौँ, २५ चैत (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न निर्देशन दिएको छ।

मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै देशका केही संस्थागत विद्यालयले अझै पनि कानुन विपरित शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको भन्दै गैरकानुनी रूपमा लिएको शुल्क फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको हो। मन्त्रालयले कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको प्रावधान तथा अन्य प्रचलित कानुन बमोजिम थप कारवाही प्रकृया अगाडि बढाउनुपर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरेको छ।

साथै, विद्यार्थीको शुल्कसम्बन्धी गुनासोको रिपोर्टिङ तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिएको मन्त्रालयले जनाएको छ। कसैको गुनासो भएमा सोही कक्षमा फोन गरी थप साथै, विद्यार्थीको शुल्कासम्बन्धी गुनासोको रिपोर्टिङ तथा सहजीकरण/सहायता प्राप्त गर्न सकिने र सो कक्षको सम्पर्क व्यक्ति केन्द्रका निर्देशक निमप्रकाशसिंह राठौर (फोन ९८५१२१४६३८, इमेल चबततजयगच२ऋबषि.अक) सम्पर्क गर्न सकिने मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ।

मन्त्रालयले यसअघि यही चैत २२ गते विज्ञप्तिमार्फत केही संस्थागत विद्यालयले प्रचलित कानुन तथा सर्वोच्च अदालतको आदेश विपरित हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी भारी शुल्क असुली गरेको पाइएकामा गम्भीर ध्यानाकर्षण भएको जनाउदै नयाँ शैक्षिकसत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गर्न गराउन आग्रह गरेको थियो। मन्त्रालयले कुनै पनि विद्यालयबाट यस्ता गैरकानुनी काम हुन नदिई अभिभावकबाट कानुन विपरीत ढङ्गले असुल गरिएको भर्ना शुल्क रकम सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको छ।

## विश्व बैंकको सहयोगमा 'डिजिटल' रूपान्तरण परियोजना कार्यान्वयन हुँदै

काठमाडौँ, २५ चैत (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनासँग नेपालका लागि विश्व बैंकका देशीय निर्देशक डेभिड सिस्लेन नेतृत्वको प्रतिनिधिमण्डलले उहाँको कार्यकक्षमा शिष्टाचार भेट गरेको छ।

परराष्ट्र मन्त्रालयका अधिकारीसमेतको उपस्थितिमा भएको भेटमाविश्व बैंकको सहयोगमा कार्यान्वयन हुने 'नेपाल डिजिटल ट्रान्सफरमेसन प्रजेक्ट', मुलुकको सूचना प्रविधि क्षेत्रको विकासका लागि पहुँच विस्तार, 'डेटा' व्यवस्थापन, डिजिटल रूपान्तरण तथा शासकीय सुधारबारे छलफल भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ।

मन्त्री तिमिल्सिनाले नेपालको सामाजिक- आर्थिक विकासका निम्ति विश्व बैंकले

बाँकी अन्तिम पृष्ठमा

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजविराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं.

मितिः- २०८२।१२।

**विषयः-३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सुचना।**

रैति नं.४६ नं. को रैति गंगाई साफिको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे रम्पुराको तपसील बमोजिमको जग्गा विन्दवासनी देवीको नाममा ७ नं.फोटवारीमा जि.स.गा.वि.स.सखडा गंगाई साफीको तपसिल बमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे नापी भई तपसिल बमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.छिन्नमस्ता वार्ड नं.८ हाल परिवर्तित छिन्नमस्ता गा.पा.वार्ड नं.२ बस्ने स्व.गंगाई साफीको नाति स्व.अवध साफीको जेठा छोरा राम चरण साफी-१ र ऐ.ऐ.बस्ने ऐ.को नाति ऐ.को कान्छा छोरा सत्य नारायण साफी-१ समेतले यस कार्यालयमा द.नं.११०७८ मिति २०८२।०९।०९ गतेमा निवेदन परी हक दावी सम्बन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८२।१२।२३ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानन् बमोजिम कार्यवाहि भै जाने छ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसील

| सा.कि.नं. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तप | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३४२ | सखडा | ९(ग) | २८०/१४८ | ०-५-१४ मध्ये ०-२-१ | | स्व.गंगाई साफीको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा ७ नं.फोटवारीमा गंगाई साफी नाउँमा कायम रहेको। | फिल्डबुकको जग्गाधनी महलमा खाली किसानको महलमा खाली खाली कैफियत महलमा यो जग्ग गंगाई साफीको तम्बरी हो। |
| १०५२ | " | " | २८४/१९१ ४७५,५१८ | ०-५-५मध्ये ०-०-९.५ | " | " | " |
| ६१० | " | " | २७८/१४० ,४७३,५१६ | ०-७-१५मध्ये ०-१-१३.५ | " | " | " |
| ५८५ | " | " | २८६/८२ /५१२ | ०-१६-९मध्ये ०-५-९.७५ | " | " | " |
| ३१२ | " | " | १८०/२८२ | ०-३-०मध्ये ०-०-८ | " | " | |
| ३०३ | " | ८(क) | ३६८/२२९ | ०-६-१०मध्ये ०-०-१५ | " | " | " |
| ४०१ | " | " | ३६२ | ०-३-१०मध्ये ०-१-१० | " | " | " |
| ५३७ | " | " | २४२/३६६, ६५३/७०९ | ०-६-१०मध्ये ०-१-५ | | " | " |
| २८५ | | ८(ग) | २७०१/३७० | ०-२-६मध्ये ०-०-६ | " | " | " |

# विश्व समाचार

## अमेरिका-इरान अन्तिम क्षणमा युद्धविराम, दुवै पक्षद्वारा जीतको दाबी

वासिङ्टन, २५ चैत (रासस/एएफपी)।

एक महिनाभन्दा बढी समयदेखि चलेको भीषण द्वन्द्वपछि अन्तिम घडीमा अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन्। तर गोलीबारी रोकिए पनि दुवै पक्षले आफूलाई विजेता घोषणा गरेकाले तनावको मूल कारण अझै समाधानतर्फ नपुगेको सङ्केत देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तय गरेको समयसीमा सकिन एक घण्टा बाँकी रहँदा सहमति जुटेको हो। त्यसपछि दुवै देशले युद्धविरामलाई आ-आफ्नो जीतको रूपमा प्रस्तुत गरेका छन्। ट्रम्पले यसलाई अमेरिकाका लागि 'पूर्णतः निर्णायक विजय' भएको बताउनुभएको छ भने इरानले पनि आफूले 'ऐतिहासिक र निर्णायक जीत' हासिल गरेको दाबी गरेको छ। इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको विज्ञप्तिमा इरानी राष्ट्रविरुद्ध गरिएको युद्धलाई 'अवैध र आपराधिक' भन्दै शत्रुले लज्जास्पद पराजय बेहोरेको उल्लेख गरिएको छ। त्यस्तै, इरानले यस विरामलाई स्थायी समाधानतर्फको पहिलो कदमका रूपमा लिँदै अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ। वार्ता पाकिस्तानमा शुक्रबारदेखि सुरु हुने तय गरिएको छ। यसबीच, ह्वाइट हाउसले इजरायल पनि युद्धविराममा सहमत भएको जनाएको छ। तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले स्पष्ट पार्दै यो सहमति लेबनानमा लागू नहुने बताउनुभएको छ। लेबनानमा इरान समर्थित हिजबुल्लाहसँगको द्वन्द्वमा हालसम्म एक हजार ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको जनाइएको छ।

इजरायलले सुरुबाटै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष संलग्न हुन आग्रह गर्दै आएको थियो। फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिएको दाबीसमेत गरिएको छ, जसले द्वन्द्वलाई थप चर्काएको थियो। ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताउनुभएको छ। उहाँका अनुसार पाकिस्तानले इरानमाथि 'विनाशकारी सैन्य कारबाही रोक्न' आग्रह गरेको थियो। उहाँले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गर्नुभयो। युद्धविरामको मुख्य शर्तका रूपमा इरानले विश्वको महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षित रूपमा खोल्ने सहमति जनाएको छ। फेब्रुअरी २८ देखि सुरु भएको युद्धका क्रममा बन्द गरिएको यस मार्गबाट विश्वको झण्डै पाँचौं भाग तेल आपूर्ति हुने भएकाले यसको खुला हुनु विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ। इरानी विदेशमन्त्री अब्बास अराघचीले आक्रमण रोकिए इरानले पनि आफ्नो रक्षात्मक कारवाही रोक्ने बताउनुभयो। यसबीच, युद्धविराम घोषणा भएपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य १७ प्रतिशतभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ।

यद्यपि दीर्घकालीन समाधानका विषयमा अझै मतभेद कायम छन्। इरानले अमेरिकी प्रतिबन्ध हटाउने, होर्मुजमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र क्षेत्रबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने माग अघि सारेको छ। साथै, आफ्नो युरेनियम संवर्धन कार्यक्रमलाई मान्यता दिनुपर्ने अडान पनि दोहोऱ्याएको छ। ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्ण रूपमा नियन्त्रणमा ल्याइनुपर्ने बताउनुभएको छ। इरान आणविक हतियार नजिक पुगेको उहाँको दाबीलाई अन्तर्राष्ट्रिय निकायहरूले भने समर्थन गरेका छैनन्। यदि वार्ता असफल भयो भने के पुनः आक्रमणमा फर्किने भन्ने प्रश्नमा ट्रम्पले स्पष्ट जवाफ दिनुभएन, तर आवश्यक परे कठोर कदम चाल्न सकिने सङ्केत दिनुभयो। युद्धविरामअघि दुवै पक्षले व्यापक आक्रमण गरेका थिए। अमेरिका र इजरायलले इरानका पुल, रेलमार्ग र सैन्य पूर्वाधारमा प्रहार गरेका थिए भने इरानले खाडी क्षेत्रमा मिसाइल र ड्रोन आक्रमण गरी प्रतिकार गरेको थियो। यी आक्रमणहरूले क्षेत्रीय सुरक्षा अवस्थालाई गम्भीर रूपमा प्रभावित पारेको छ। कतार, बहराइन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा विस्फोटका आवाज सुनिएको र केही स्थानमा घाइते भएको रिपोर्ट आएको छ। बगदादमा क्षेप्यास्त्र आक्रमणमा एक बालकसहित दुई सर्वसाधारणको मृत्यु भएको जनाइएको छ। युद्धको त्रास आम नागरिकमा गहिरो देखिएको छ। तेहरानकी एक विद्यार्थीले आफू र अन्य नागरिकहरू अत्यन्त डरमा बाँचिरहेको बताएकी छन्। यसबीच, इरानमा ऊर्जा संरचनाको सुरक्षाका लागि नागरिकहरूले मानव साङ्लो बनाएको दृश्य सार्वजनिक भएको छ। दुई हप्ताको यो अस्थायी विरामले तत्कालका लागि राहत दिएको भए पनि गहिरो राजनीतिक, सैन्य र आणविक विवाद समाधान नभएसम्म स्थायी शान्ति अझै टाढा रहेको विश्लेषण गरिएको छ।

## अमेरिका-इरान युद्धविराममा इजरायलको साथ

जेरुसेलम, २५ चैत (रासस/एएफपी)।

अन्तिम क्षणमा टरेको ठूलो युद्धपछि अमेरिका र इरानबीच भएको दुई हप्ताको अस्थायी युद्धविरामलाई इजरायलले समर्थन जनाएको छ, तर लेबनान यस सहमतिबाट बाहिर रहेको स्पष्ट पार्दै क्षेत्रीय तनाव अझै कायमै रहने सङ्केत दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि सम्भावित विनाशकारी आक्रमण स्थगित गर्ने निर्णय लिएपछि वासिङ्टन र तेहरानबीच मङ्गलबार राति युद्धविराममा सहमति भएको हो। यो सहमति ट्रम्पले दिएको कडा समयसीमा सकिनु एक घण्टा अघि मात्रै सम्भव भएको थियो, जसले कूटनीतिक प्रयासको संवेदनशीलता झल्काएको छ। यस समझदारीअनुसार इरानले दुई हप्तासम्म होर्मुज जलडमरूमध्य हुँदै अन्तर्राष्ट्रिय समुद्री यातायातका लागि सुरक्षित मार्ग सुनिश्चित गर्ने जनाएको छ। यही अवधिलाई उपयोग गर्दै दुवै पक्षबीच वार्ता अघि बढाइनेछ, जसका लागि पाकिस्तानमा शुक्रबारदेखि औपचारिक संवाद सुरु हुने तय गरिएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा इजरायलले ट्रम्पको निर्णयलाई समर्थन गर्ने उल्लेख गर्दै इरानले तुरुन्तै जलडमरूमध्य खोल्नुका साथै अमेरिका, इजरायल र क्षेत्रका अन्य देशहरूमाथिका सबै आक्रमण रोक्नुपर्नेमा जोड दिएको छ। साथै, इरानले भविष्यमा आणविक, क्षेप्यास्त्र तथा आतङ्कवादसम्बन्धी खतरा नउठाउने सुनिश्चित गर्न अमेरिकाले चालेका प्रयासहरूमा पनि इजरायलको साथ रहने जनाइएको छ। यद्यपि, इजरायलले यो युद्धविराम लेबनानमा लागू नहुने स्पष्ट पारेको छ। यसले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले दिएको त्यसअघिको अभिव्यक्तिलाई अस्वीकार गरेको देखिन्छ, जसमा उहाँले लेबनानसहित सबै क्षेत्रमा युद्धविराम लागू हुने सङ्केत दिनुभएको थियो।

# निजी विद्यालयमा मापदण्ड विपरीतको शुल्क फिर्ता नभए गृह प्रशासनबाट कारबाही हुने

काठमाडौं, २५ चैत (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड विपरीत शुल्क लिने निजी विद्यालयले शुल्क फिर्ता गर्न अटेर गरेको पाइएमा कानुनअनुसार कारबाही गर्न गृह प्रशासन र स्थानीय तहलाई आग्रह गरेको छ।

केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत हुनेगरी शैक्षिकसत्र प्रारम्भ हुनपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्नेगरेको कार्य सच्च्याउन यही चैत २२ गते निर्देशन दिइएको थियो।

केही संस्थागत विद्यालयबाट अझै पनि कानुन विपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा शिक्षा ऐन ( संशोधन सहित), २०२८ को दफा १६६ (६) बमोजिम गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई मन्त्रालयले पुनः निर्देशन दिएको हो।

"कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको दफा १६६ (७) को प्रावधान तथा अन्य प्रचलित कानुन बमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउन पर्ने अवस्था भए गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहहरूबाट आवश्यक समन्वय हुन अनुरोध गरिन्छ," शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाद्वारा जारी सूचनामा भनिएको छ।

मन्त्रालयले विद्यार्थीको शुल्कसम्बन्धी सिफारिस एवं गुनासोको रिपोर्टिङ तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सहायता कक्ष स्थापना गरिएको पनि जानकारी दिएको छ।

# प्रधानमन्त्री कपमा मधेस प्रदेश विजयी

**दैनिक समाचारदाता**
**पर्सा, २५ चैत।**

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबारको खेलमा मधेस प्रदेशले गण्डकी प्रदेशलाई पराजित गरेको छ।

वीरगञ्जको नारायणी रङ्गशालामा बुधबार भएको खेलमा मधेस प्रदेशले गण्डकी प्रदेशलाई डकवर्थ लुइस ( डिएलएस मेथड)को आधारमा १८ रनले पराजित गरेको हो। सुरुआतमा ब्याटिङ गरेको मधेस प्रदेशले ३४ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १७२ रन बनायो। मधेस प्रदेशको तर्फबाट मयन यादवले ४३ रन र विशाल सुसलिङले ४० रन बनाए। बलिङतर्फ गण्डकी प्रदेशका अपराजित पौडेल र सुवास भण्डारीले तीन-तीन विकेट लिए।

जबाफी ब्याटिङमा उत्रिएको गण्डकी प्रदेशले २२ ओभरमा पाँच विकेटको क्षतिमा ८० रन बनायो। गण्डकी प्रदेशले ब्याटिङ गर्दा पानी परेपछि खेलको निर्णय डकवर्थ लुइस मेथडबाट गरिएको हो। गण्डकी प्रदेशका अर्जुन कुमालले ४९ रन र दिपक डुम्रेले १३ रन बनाए।

बलिङतर्फ मधेस प्रदेशका विशाल पटेल र मोहम्मद आदिल आलमले एक-एक विकेट लिए। बुधबारको खेलमा मधेस प्रदेशका विशाल सुसलिङ प्लेयर अफ दी म्याच घोषित हुँदै नगद पाँच हजार पुरस्कार पाए। प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब र सात प्रदेशका गरी १० टोली सहभागी छन्। प्रतियोगिताको विजेताले रू १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन्।

# स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याइने

काठमाडौँ, २५ चैत (रासस)।

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन सरकार क्रियाशील रहेको बताउनुभएको छ।

स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको एक दशक पुगेको अवसरमा स्वास्थ्य बीमा बोर्डले बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले बीमा कार्यक्रमार्फत जनसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डिल्लीराम शर्माले स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा देखिएका गुनासा सम्बोधन गर्न मन्त्रालय तयार रहेको बताउनुभयो। "सेवाग्राही र सेवा प्रदायकका तर्फबाट बीमा कार्यक्रममा सम्बन्धमा गुनासो आइरहेका छन्, यसलाई समाधान गरेर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक कृष्णप्रसाद पौडेलले सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वारबाट कार्यान्वयन गर्ने, संस्थागत सुधार, प्रविधिको अधिकतम प्रयोग र समयमै दाबी फरफारक गर्न सक्नेगरी क्षमता अभिवृद्धि गर्नेतर्फ आफूहरू लागेको बताउनुभयो।

एक दशकमा देशको करिब एकतिहाई जनसङ्ख्यामा बीमा कार्यक्रम पुगेको छ। बीमा प्रिमियम तिर्ने करिब ९३ प्रतिशतले सेवा लिएको बोर्डले जनाएको छ। प्रतिपरिवार पाँच जना सदस्यका लागि प्रतिवर्ष रु तीन हजार ५०० योगदान रकममा आधारमा रु एक लाखसम्मको उपचार सुविधा उपलब्ध छ।

# मित्र राष्ट्रसँगको सम्बन्ध अझ सुदृढ बनाउन सरकार उत्सुक छ : प्रधानमन्त्री शाह

काठमाडौं, २५ चैत (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रमुख एवं राजदूतहरूलाई उहाँहरूले प्रतिनिधित्व गर्ने मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई अझ सुदृढ बनाउन नेपाल सरकार उत्सुक रहेको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार शिष्टाचार भेट गर्न पुग्नुभएका नियोग प्रमुखहरूलाई प्रधानमन्त्री शाहले सरकार सबै देशहरूसँगको सम्बन्धलाई उच्च महत्त्व दिनुका साथै विश्वासका आधारमा पारस्परिक लाभमा आधारित साझेदारी सुदृढ गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

"नेपालले सन्तुलित र व्यावहारिक वैदेशिक नीतिको अनुसरण गर्दै आएको छ। हाम्रो बाह्य सम्बन्ध साझा समृद्धिको लक्ष्यद्वारा निर्देशित छ," प्रधानमन्त्री शाहले भन्नुभयो, "नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग प्रदान गर्नुभएकामा हामी सबै साझेदार तथा मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।"

विश्वमा जारी द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति साझा प्राथमिकता हुनुपर्नेमा उहाँको जोड थियो।

प्रधानमन्त्री शाहले भन्नुभयो, "चलिरहेका द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति हाम्रो साझा प्राथमिकता रहनुपर्छ। यसमा हामी सबै सहमत छौँ भन्ने विश्वास लिएको छु र यस दिशामा सामूहिक प्रयासको अपेक्षा गर्दछु। यहाँ उपस्थित सबै मित्रहरूलाई नेपालको निरन्तर मित्रता र सहयोगका लागि धन्यवाद दिन चाहन्छु।"

प्रधानमन्त्री शाहले नेपाल सरकार लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न,उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा दिगो विकासलाई समर्थन गर्न प्रतिबद्ध रहेको पनि बताउनुभयो। उहाँले राष्ट्रिय हितअनुकूल हुनेगरी नेपाललाई क्षेत्रीय तथा वैश्विक आर्थिक संरचनामा अझ मजबुत रूपमा समेट्ने लक्ष्य राखिएको पनि उल्लेख गर्नुभयो।

"नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन। हामी राजनीतिक स्थायित्व कायम राख्न तथा नीतिगत दिशालाई स्थिर र पूर्वानुमानयोग्य बनाइराख्न दृढ प्रतिबद्ध छौँ," प्रधानमन्त्री शाहले भन्नुभयो। उहाँले विकास, व्यापार, लगानी, जलवायु अनुकुलनका कार्य तथा जनस्तरको सम्बन्धजस्ता विभिन्न क्षेत्रमा सहकार्य अघि बढाउन सरकार इच्छुक रहेको जानकारी दिनुभयो। यसैगरी विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हित सरकारको प्राथमिकतामा रहेको विषयमा उहाँले जोड दिनुभयो।

# एमाले अध्यक्ष ओलीप्रति अपमानपूर्वक अभिव्यक्ति दिएको विरोध

काठमाडौं, २५ चैत (रासस)।

प्रतिनिधिसभाको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका एक सांसदले पूर्व प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई अपमानजनकरूपमा प्रस्तुत गरिएको भन्दै एमालेले विरोध जनाएको छ।

बैठकको शून्य समयमा रास्वपाका पुरुषोत्तम यादवले एमाले अध्यक्ष ओलीलाई 'जेलमा रहनुपर्ने अपराधी अस्पतालमा रहेको छ...' जस्ता अभिव्यक्ति दिएको विषयमा विशेष समयमा एमालेका गुरुप्रसाद बरालले अपराधी करार गर्ने काम सदनको नभएको बताउनुभयो।

बरालले अदालती प्रक्रियाबाट किनारा लगाउनुपर्ने विषयमा सदनमा दिइएको अभिव्यक्ति नियमावली विपरीत भएकाले त्यसलाई अभिलेखबाट हटाउन आग्रह गर्नुभयो। सो विषयमा सभामुख डोलप्रसाद अर्यालले ध्यानाकर्षण भएको अवगत गराउनुभयो।

# सवारी दुर्घटनामा तीन विद्यार्थीको निधनप्रति ध्यानाकर्षण

काठमाडौँ, २५ चैत (रासस)।

प्रतिनिधिसभाको बुधबारको बैठकमा माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएर फर्किएका महोत्तरीका तीन विद्यार्थीको सवारी दुर्घटनामा निधन भएको विषयमा ध्यानाकर्षण गराइएको छ।

सभाको बुधबारको आकस्मिक समयमा सांसद समिना मियाँले जलेश्वर-बर्दिबास सडकखण्डमा भएको मोटरसाइकल दुर्घटनामा दुःखद् निधन भएको विषयमा दुःख व्यक्त गर्दै यस्ता घटना हुन नदिन सडक सुरक्षा, सचेतना, ट्राफिक नियमको कडाइपूर्ण पालना र शीघ्र उद्धार प्रबन्धको योजना बनाउन माग गर्नुभयो। उहाँले घाइतेहरूको निःशुल्क उपचारका लागि पनि आग्रह गर्नुभयो।

जलेश्वर बर्दिबास सडकखण्डको बथनाहा गाउँमा मङ्गलबार दुई मोटरसाइकल एकापसमा ठोक्किएर आगलागी हुँदा तीन विद्यार्थीको जलेर मृत्यु भएको थियो।

# अख्तियारको वार्षिक प्रतिवेदन पेस

काठमाडौं, २५ चैत (रासस)।

राष्ट्रियसभामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन पेस भएको छ। सभाको बुधबारको बैठकमा प्रधामन्त्री वालेन्द्र शाहको तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो।

बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादामा हेरफेरसम्बन्धी पत्रको बेहोरा जानकारी गराउनुभएको थियो। राष्ट्रियसभाको अर्को बैठक यही चैत २७ गते शुक्रबार अपराह्न ४:१५ बस्नेछ।

## विश्व बैंकको ...

निरन्तर गरेको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दै 'नेपाल डिजिटल ट्रान्सफरमेसन प्रजेक्ट तीव्र गतिमा कार्यान्वयन गरिने बताउनुभयो।

नयाँ सरकार गठनपछि पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा नतिजामुखी काम सुरु भइसकेको उल्लेख गर्दै उहाँले विगतभन्दा फरक ढङ्गले काम गर्दै आयोजनाका समस्या समाधानतर्फ सरकार केन्द्रित रहेको सुनाउनुभयो। साथै विश्व बैंकसँगको सहकार्यमा कार्यान्वयनमा गएका आयोजनाको प्रगति पनि शीघ्र देखिने बताउनुभयो।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*